# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE

REACHING NATIONS

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ

16 Languages

Associate Editors : Bro. BHUVAN DEVKOTA
Bro. RAJ KUMAR BHANDARI

Vol. XXV — YEAR OF OUR LORD JESUS CHRIST, 2025 JUNE — No. 06


## पवित्र बाइबल

कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।

भजनसंग्रह २७:१-६

१. परमप्रभु मेरो ज्योति र मेरो मुक्ति हुनुहुन्छ, मैले कसको भय मान्नु ? परमप्रभु नै मेरो जीवनको किल्ला हुनुहुन्छ, कोसँग म भयभीत हुनु ?

२. जब दुष्ट मानिसहरू मेरो मासु खान मेरो विरुद्ध अगि बढ्छन्, जब शत्रु र विरोधीहरू मलाई आक्रमण गर्छन्, तिनीहरू ठक्कर खाएर जमिनमा लोट्नेछन् ।

३. सेनाले मेरो विरुद्धमा छाउनी बनाए पनि मेरो हृदय डराउनेछैन । मेरो विरुद्धमा लडाइँ चले पनि त्यस बेला म पूरा आत्मविश्वास राख्नेछु ।

४. एउटै कुरा म परमप्रभुसँग माग्दछु, मैले खोजेको यही हो कि जीवनभरि म परमप्रभुको भवनमा रहन पाऊँ र उहाँको सुन्दरतालाई हेरिरहन पाऊँ र उहाँको मन्दिरमा उहाँलाई खोज्न सकूँ ।

५. किनकि सङ्कष्टको दिनमा उहाँले मलाई उहाँको वासस्थानमा सुरक्षित राख्नुहुनेछ, आफ्नो पवित्र वासस्थानमा उहाँले मलाई लुकाइदिनुहुनेछ अनि एउटा चट्टानमाथि उच्च राख्नुहुनेछ ।

६. तब मेरो वरिपरिका शत्रुहरूमाथि मेरो शिर उच्च पारिनेछ र उहाँको पवित्र वासस्थानमा हर्षले कराउँदै म बलिदान चढाउनेछु, म भजन गाउनेछु र परमप्रभुको प्रशंसा गर्नेछु ।

## के तपाईंले आफ्ना छोराछोरीको बीचमा विरासत छोड्नुभएको छ ?

ARE YOU LEAVING A LEGACY TO YOUR CHILDREN?

बहिनी एन्जल



हाम्रा सम्पूर्ण **बोलावटको प्रतिध्वनि** परिवारका सदस्यहरूमा हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको नाउँमा अभिवादन ।

हामीले सन् २०२५ को करिब छ महिना पूर्णरूपमा पूरा गरिसकेका छौं भनेर विश्वास गर्न गाह्रो छ । यो वर्ष भर्खरै मात्र सुरु भएको जस्तो महसुस भएको छ र तापनि हामी यसको दोस्रो भागमा प्रवेश गरिरहेका छौं । यस कुराले मेरो मनमा हबकूक ३:२ ल्याएको छ, ...**हाम्रो दिनमा ती नयाँ गरी देखाउनुहोस्...** । वर्षको यो दोस्रो भागमा परमप्रभुको ईश्वरीय निगाह र कृपाको साथमा उहाँले तपाईं, तपाईंको परिवार, तपाईंको सेवकाइ र तपाईंको व्यापार, पेशा वा अध्ययनलाई जागृत गर्नुहुनेछ भनेर म प्रार्थना गर्दछु ।

लूका १५ अध्याय पवित्रशास्त्रको चिरपरिचित खण्ड हो । गत महिना मैले हराएको भेडाको दृष्टान्तको बारेमा लेखेको थिएँ- एउटा भेडा, जसलाई खोजी गर्न बाहिर निस्कन गोठालोले उनान्सयलाई पछि छोड्छ । सम्पूर्ण अध्यायलाई नै ९९:९:१ को रूपमा सारांश दिन सकिन्छ- बाँकी रहेका ९९ भेडा, नहराएका ९ सिक्काहरू र आफ्नो बुबाको प्रेम बुझ्न असफल भएको आफ्नै बुबाको घरमा छोडिएको १ जना छोरा ।

बाँकी पृष्ठ ३ मा


बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल



## यूट्यूब ख्रीष्टियान च्यानल

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ ।

**५ मिनेटको सन्देश**


अंग्रेजी र हिन्दी, तामिल र तेलगू

हरेक दिन: बिहान २ बजे देखि

तामिल आइतवार सेवा: बिहान ८:३० बजे

★ Please Subscribe and Share ★

बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



REACHING NATIONS

# तपाईंको प्रिय भाइबाट....



**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।


HON. EDITOR-IN-CHIEF

Rev. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.

EX MANAGING EDITOR

Pastor Alex Samson Sam, B.Th., M.Div.

GENERAL MANAGER

Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM., MBA.

ADMINISTRATION

Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)

EDITORIAL BOARD

Dr. Serena Bevin, M.A., M.Phil., B.Ed.
Sis. Sajini Cherian
Rev. Dr. K.R. Rajasekaran
Rev. Dr. William Robert, Ph.D., DD, D.Lit.

EDITOR, PUBLISHER & PRINTER

Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 98412 71858 95661 31858

E.MAIL

sam@echoofhiscall.org
biblecor@yahoo.co.in

WEBSITES

www.echoofhiscall.org
www.stpaulsmatriculation.org

YOUTUBE CHANNEL

Echo of His Call


**हाम्रो गुहार स्वर्ग र पृथ्वी सृजना गर्नुहुने परमप्रभुको नाउँमा छ** (भजनसंग्रह १२४:८) ।

ख्रीष्टमा प्रियहरू,

हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको नाउँमा तपाईंमाथि सारा अनुग्रह, शान्ति र भलाइ ।

हामी असल र विश्वासयोग्य परमेश्वरको सेवा गर्दछौं र उहाँले हामीलाई निरन्तर अगुवाइ गर्नुभएको मार्गको निम्ति हामी कृतज्ञ छौं । चुनौती र कठिनाइको समयमा पनि हामीसँग विश्वासयोग्य रूपले यात्रा गर्नुहुने हाम्रा समर्पित सहकर्मीहरू र साझेदारहरूका निम्ति हामी परमप्रभुलाई हृदयदेखि नै धन्यवाद र प्रशंसा चढाउँछौं । तपाईंका निरन्तरका प्रार्थना हामी सहर्ष स्वीकार गर्दछौं ।



*Vacation Bible School in Santhosahpuram*

अप्रिल र मई महिनाको समयमा विभिन्न स्थानमा बालबालिकाको निम्ति संचालन गरिएको **भेकेसन बाइबल स्कुलको** समयमा परमेश्वरले खन्याउनुभएको प्रशस्त आशिष्को निम्ति हामी उहाँलाई धन्यवाद चढाउँछौं । यो परियोजनालाई सफलता दिलाउन आफ्ना अनवरत प्रयासको निम्ति हाम्रा सम्पूर्ण सहकर्मीहरू, दाजुभाइ



*The Faculty Meeting of Nehemiah Bible Colleges.*

र दिदीबहिनीप्रति हामी इमानदारीपूर्वक कृतज्ञ छौं । परमप्रभुले तपाईंका प्रार्थना, भेटीहरू र बलिदानहरूमाथि प्रशस्त इनाम दिनुभएको होस् । तपाईं र तपाईंका परिवारहरूका निम्ति हाम्रो निरन्तरको प्रार्थनाको निम्ति पनि निश्चिन्त हुनुहोस् ।


Our Ministries: ECHO OF HIS CALL Monthly Magazines (16 languages) BIBLECOR - Postal Courses (3 languages) YouTube Ministry Online Courses Theological Correspondence Courses (2 languages) Church Planting Nehemiah Bible Colleges Gospel Printing Press Great Commission Partners St. Paul's Matriculation School Crusades Community Development

आउन लागेको शैक्षिक सत्र २०२५-२०२६ को निम्ति कार्य योजनामा प्रार्थनासहित छलफल गर्न २१ अप्रिल २०२५ मा **नहेम्याह बाइबल कलेजहरूको** संकायको बैठक आयोजना गरिएको थियो । परमेश्वरको अनुग्रहद्वारा हाम्रो **नहेम्याह बाइबल कलेजहरू र सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल** दुवैमा कक्षाहरू सुरु भएका छन् । प्रधानाध्यापकहरू, शैक्षिक र गैहृशैक्षिक कर्मचारीहरू र शैक्षिक सेवकाइमा संलग्न सबैका निम्ति तपाईंको प्रार्थनाको लागि हामी आग्रह गर्दछौं ।

ख्रीष्टको मिसनमा सहकर्मीको रूपमा हामी तपाईंको निरन्तरको अन्तरबिन्तीको खोजी गर्दछौं ताकि हामी सबैका प्रयासमा परमेश्वरको प्रशस्त अनुग्रह प्राप्त गर्न सकौं ।

**बोलावटको प्रतिध्वनि सेवकाइ टोली**

sam@echoofhiscall.org

## अत्यन्तै आवश्यकता

**शिक्षक (All Subjects) for**

**सेन्ट मेट्रिकुलेसन स्कुल**
**बोलावटको प्रतिध्वनि संस्था**
**विजयनगाराम, मेदाभाक्काम, चेन्नाइ - १००**

हामीलाई योग्य, अनुभवी, समर्पित, मेहनेती र मिसन केन्द्रित विश्वासीको आवश्यकता छ ।

बायोडाटाको साथमा आवेदन दिनुहोस्

E.mail: sam@echoofhiscall.org
WhatsApp: (+91) 98412 71858

## अत्यन्तै जरुरी सूचना




निकट भविष्यमा बोलावटको प्रतिध्वनिको हुलाक वितरणमा रोक्नै नसकिने व्यवधान आउन सक्ने भएको छ । तपाईंले बिना कुनै रोकावट बोलावटको प्रतिध्वनि निरन्तर प्राप्त गरिरहन चाहना गर्नुहुन्छ भने कृपया हामीलाई तपाईंको नाम, ठेगाना, इमेल र ह्वाटसएप नम्बर पत्र, इमेल, फोन कल वा एसएमएस वा ह्वाटसएप सन्देशबाट तुरुन्तै पठाउनुहोला ।

तपाईंलाई अझ राम्रो गरी सेवा गर्न तपाईंको सहायोगले हामीलाई सहायता गर्दछ ।

**हाम्रो ठेगानाः**

**बोलावटको प्रतिध्वनि**
10, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005, India
Cell: (+91) 98412 71858 / 98410 71858 E.mail: sam@echoofhiscall.org

*पृष्ठ १ बाट*

जून महिनामा भारतमा बुबा दिवस मनाइने भएको हुनाले मैले सोही अध्यायबाट हेर्दै बुबाको प्रेममा निरन्तर मनन गर्दै अगुवाइ भएको महसुस गरेकी थिएँ ।



***Father's love!***

यो सन्देश हरेक जनासँग मिलेको नहुन सक्छ भनेर मैले बुझेकी थिएँ- विशेष गरी, तिनीहरू, जो बुबाको उपस्थितिबिना हुर्किएका थिए वा तिनीहरू, जसका बुबाले तिनीहरूका जीवनमा सकारात्मक प्रभाव पार्न असफल भएका थिए । यो अवस्थामा हुनुभएकाहरूका निम्ति म आफ्नो इमानदार क्षमा र हृदयले भरिएको करुणा चढाउँदछु । एकल आमाको अत्यन्तै ठूलो बल र बलिदानलाई पनि म स्वीकार गर्न चाहन्छु, जो बुबाको भूमिका पूरा गर्न अत्यन्तै माथि र टाढा जानुभएको थियो । यो असामान्य रूपमा चुनौतीपूर्ण भूमिका हो र तपाई यो मार्गमा हिँडिरहनुभएको छ भने, बुबाको जुत्तामा भएकी महिलाको रूपमा- तपाईंलाई सलाम छ ।

बप्तिस्मा दिने यूहन्नाका बुबा जकरियाजस्तै बालबालिका पाउन अझै पर्खिरहेका र प्रार्थना गरिरहेकाहरूलाई पनि म सम्मान गर्न चाहन्छु । तपाईंसँग जैविक छोराछोरी नभए पनि परमेश्वरले हुर्काउन, डोऱ्याउन र वास्ता गर्न धेरै आत्मिक बालबालिकाको साथमा तपाईंलाई आशिष् दिनुहुनेछ भनेरम विश्वास गर्दछु । साहस गर्नुहोस् र असल साहस लिनुहोस् ।

मैले पनि एक पटक यसलाई शक्तिशाली रूपमा सामना गरेको कारण सुरुवातमा नै मैले यो सबै बाँडेकी हुँ । पिताको प्रेमको बारेमा वचन प्रचार गरिसकेपछि एक जना गहिरो रूपमा चोट पाएकी र रिसाएकी जवान बहिनी मकहाँ आउनुभयो । तिनको सांसारिक बुबासँगको पीडादायी अनुभवको कारण पिताको जस्ते कुरा गर्दा तिनले परमेश्वरको प्रेम महसुस गर्न सकिनन् । हाम्रो स्वर्गीय पिताको साँचो स्वभावको




बारेमा मैले प्रेमपूर्वक तिनलाई व्याख्या गर्नुपरेको थियो- उहाँ कसरी सांसारिक बुबाजस्तो हुनुहुन्न र कसरी उहाँको प्रेम सिद्ध, चङ्गाइ गर्ने र शर्तरहित छ भनेर । त्यसपछि मात्रै तिनले

परमेश्वरको प्रेमको अर्थ वास्तवमै बुझ्न सुरु गरेकी थिइन् ।

सम्पूर्ण संस्कृतिहरूमा बुबाको भूमिकाले महत्वपूर्ण स्थान प्राप्त गरेको छ । उहाँलाई प्रायः परिवारको शिरको रूपमा उल्लेख गरिएको छ- आफ्नो घरको निम्ति उपलब्ध गराउने, महत्वपूर्ण निर्णयहरू गर्ने र आफ्ना छोराछोरीलाई हुर्काउने जिम्मेवारीको साथमा भरोसा गरिएको हुन्छ ।

बाइबलले कसरी परमेश्वरलाई पिताको रूपमा बारम्बार देखाएको छ भनेर अवलोकन गर्न रोचक छ। यो घनिष्ट तरिकामा परमेश्वरलाई सम्बोधन गर्न येशू आफैंले हामीलाई सिकाउनुहुन्छः ... **हे हाम्रा स्वर्गमा बस्नुहुने पिता**... (मत्ती ६:९)। पवित्रशास्त्रको चस्माबाट हामीले यसलाई खोजी गरौं- विशेष गरी लूका १५ अध्याय- बुबा हुनुको साँचो अर्थ के हो, चाहे आत्मिक वा जैविक भावमा ।

यो खण्डले परिचित दृष्टान्त बताउँछ तर छोटो सारांश प्रदान गर्न मलाई अनुमति दिनुहोस्। यो कथा दुई जना छोरा भएका धनी बुबाको साथमा सुरु हुन्छ। आफ्नै चाहनाले डोऱ्याइएको सानो छोराले सम्पत्तिमा आफ्ना भागको दाबी गर्छ र सांसारिक आनन्दलाई पछ्याउँदै घर छोड्छ । उसले हरेक थोक सिद्धाउँछ र अन्त्यमा आफैंलाई गरिब भएको, सुँगुरलाई खुवाउने व्यक्ति बनेको र तिनीहरूकै खानेकुरा खाने चाहना गरेको पाएको



*The younger son feeds the pigs*

थियो। आफ्नो कमजोर क्षणमा, उसले आफ्नो पिता सम्झियो- छोराको रूपमा फर्कने व्यक्ति भएर होइन तर नोकरको रूपमा ।

तापनि, जब ऊ आफ्नो घर फर्कन्छ, उसको बुवाले उसलाई टाढैबाट देख्नुहुन्छ, दौडेर गई अंगाल्नुहुन्छ, उसलाई राम्रा कपडाहरू र गहनाहरू लगाइदिनुहुन्छ र उसको आगमनको उत्सव मनाउन ठूलो भोजको आयोजना गर्नुहुन्छ।

केही समयपछि जेठो छोराले- आफ्नो बुबाको विश्वासयोग्य रूपमा सेवा गरिरहेको, घरमा नै रहेको- बेवास्ता गरेको र अपमान गरेको महसुस गऱ्यो । आफ्नो बुबाको प्रेमको गहिराइलाई समात्ने संघर्ष गर्दै उक्त उत्सवमा भाग लिन इन्कार गऱ्यो। दुर्भाग्यवश, ऊ शारीरिक रूपमा नजिकै बसेको भए पनि ऊ भावनात्मक रूपमा टाढा भएको थियो । त्यसको विपरीत आफू विद्रोही भए पनि सानो छोराले आफ्नो बुबाको स्वभावको बारेमा भित्री बुझाइ थियो । ऊ टाढाको देशमा भए पनि ऊ अझै पनि फर्कन सक्छ भनेर विश्वास गरेको थियो- न्याय गरिन होइन तर स्वीकार गरिन ।

## हाम्रो पिताको रूपमा परमेश्वरः

### १. प्रेमिलो पिता

यो खण्डलाई प्रायः सानो छोरालाई केन्द्र बिन्दुको रूपमा हेरिए पनि त्यसको साटो बुबालाई मुख्य चरित्रको रूपमा विचार गरौं । उहाँले हाम्रो प्रेमिलो स्वर्गीय पिताको प्रतिनिधित्व गर्नुहुन्छ- परमेश्वर, जसले आफ्ना सन्तानलाई तिनीहरूले गरेका काम वा तिनीहरू को हुन् भन्ने आधारमा प्रेम गर्नुहुन्न तर पूर्णरूपमा उहाँ को हुनुहुन्छ भनेर ।

उहाँको प्रेम निरन्तर छ, स्थिर छ र शर्तरहित छ। प्रस्थान ४:२२ मा इस्राएलीहरूलाई **परमेश्वरको जेठो छोरो** भनी उल्लेख गरिएको छ । उहाँबाट बारम्बार टाढा गए पनि परमेश्वरले शक्तिशाली र फैलाउनुभएको हातको साथमा तिनीहरूलाई निरन्तर छुटाउनुभयो र उपलब्ध गराउनुभयो। आफ्ना सन्तानको निम्ति उहाँको प्रेम कहिल्यै कम हुँदैन ।

त्यसै गरी, यो कथामा पिताले छोराको असफलताको निम्ति चेतावनी दिएको वा आलोचना गर्दैनन् । त्यसको साटो, खुल्ला अङ्गालोको साथमा स्वागत गर्छन् र आनन्दको साथमा उसको आगमन मनाउँछन् । उहा विगतमा मात्रै बास गर्नुहुन्न तर पुनःर्मिलनमा आनन्द गर्नुहुन्छ ।

हाम्रो स्वर्गीय पिताको प्रेम त्यस्तो छ- नाप्न नसकिने, करुणाले पूर्ण र सित्तैमा दिइएको । हाम्रो योग्यताको आधारमा उहाँले हामीलाई स्वीकार गर्नुहुन्न तर उहाँको अनुग्रह र कृपाको प्रशस्तताबाट गर्नुहुन्छ ।

बाइबलले हामीलाई सिकाउँछ, **बुबा हो, आफ्ना छोराछोरीलाई रिस नउठाओ तर तिनीहरूलाई प्रभुको अनुशासन र शिक्षामा हुर्काओ** (एफिसी ६:४) ।

हाम्रा छोराछोरीलाई कठोर प्रकारले व्यवहार गर्न वा नराम्रा शब्दको साथमा तिनीहरूसँग बोल्न स्वीकारयोग्य छ भनेर हामीमध्ये केहीले



*A Loving Father!*

विश्वास गर्छौं। तापनि पवित्रशास्त्रले हामीलाई सम्झना दिलाउँछ कि हाम्रा छोराछोरीलाई अनुशासनमा राख्दै गर्दा हामीले तिनीहरूलाई रिस उठाएका छैनौं भनेर निश्चित गर्दै हामी भद्र र दयालु हुनुपर्छ । परमप्रभुको हृदय प्रतिबिम्बित गर्ने पिताहरू बन्न उहाँले हामीलाई सहायता गरून् ।

हाम्रा असल पिता हामी उहाँकहाँ फिर्ता जानको निम्ति सधैं पर्खिरहनुहुन्छ। हाम्रो स्वर्गीय पिताबाट

....Contd. to page 6

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1969

# महान् आज्ञा सहयोगीहरु

## बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)



**PRAISE & PRAYER POINTS - From June 19, 2025 To July 18, 2025**

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

## ✝ परमेश्वरलाई प्रशंसा गरौं...

जून १९: समयमा नै १६ वटा भाषाहरूमा **बोलावटको प्रतिध्वनि** प्रकाशन गर्न हामीलाई सहायता गर्न समर्पित सहसम्पादकहरूका निम्ति।

जून २०: सन् १९६९ मा सुरु भएदेखि हाम्रो समाचारपत्र सेवकाइमा उहाँको विश्वासयोग्य आशिष्को निम्ति।

जून २१: **बोलावटको प्रतिध्वनि सेवकाइहरूका** सम्पूर्ण सहयोगीहरूका निम्ति।

जून २२: महाबलिपुरममा मई १७, २०२५ मा **नहेम्याह बाइबल कलेजहरूका** विद्यार्थीको रिट्रिटमा परमेश्वरले दिनुभएको आशिष्को निम्ति।

जून २३: हाम्रा शुभचिन्ताकहरूको प्रार्थना र आर्थिक सहायताको निम्ति।

जून २४: हाम्रो आवासीय र साँझको **नहेम्याह बाइबल कलेजहरू र सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलको** निम्ति २०२४-२०२५ शैक्षिक सत्रको सफलतापूर्वक सम्पन्नताको निम्ति।

जून २५: वर्षौंदेखि फल फलाउन हाम्रो सेवकाइलाई सक्षम बनाउन दिनुभएको परमेश्वरको अनुग्रहको निम्ति।

जून २६: सबै प्रकारका दुष्टताबाट हाम्रो सिनियर पास्टर र उहाँको परिवारको सुरक्षाको निम्ति।

जून २७: **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल र नहेम्याह बाइबल कलेजमा** शैक्षिक सत्र २०२५-२०२६ को भर्नाको प्रक्रियामाथि आशिष्को निम्ति।

जून २८: हाम्रो **बाइबलकोर (बाइबल पत्राचार कोर्स) र ईश्वरशास्त्रीय पत्राचार कोर्सहरूको** आत्मिक प्रभावको निम्ति।

जून २९: विशेष गरी दिनहुँ राति १० बजे हुने विश्वव्यापी रूपमा जवान र बालबालिकाको निम्ति अन्तरबिन्ती, हाम्रो **ग्लोबल भिजन फर युथ एण्ड किड केयर सेवकाइहरूमाथि** परमेश्वरको हातको निम्ति।

जून ३०: हाम्रो **बोलावटको प्रतिध्वनि** कर्मचारी र उहाँका परिवारको निम्ति सुरक्षा र उपलब्धताको निम्ति।

जूलाइ १: हाम्रो मुख्य र शाखा मण्डलीहरूमा आयोजना गरिएको हाम्रो **भेकेसन बाइबल स्कुलबाट** फलदायी परिणामको निम्ति।

जूलाइ २: हाम्रो **बोलावटको प्रतिध्वनि** मण्डली प्राप्तकर्ता अवार्ड कार्यक्रमको सफलताको निम्ति।

जूलाइ ३: हाम्रा सम्पूर्ण **नहेम्याह बाइबल कलेजका** विद्यार्थीहरूमाथि परमेश्वरको सुरक्षाको निम्ति।

## ✝ कृपया प्रार्थना गरौं...

जूलाइ ४: संसारभरि रहेका मिसनरीहरूका निम्ति ईश्वरीय सुरक्षाको निम्ति।

जूलाइ ५: देशहरूका बीचमा शान्ति छाएको होस्।

जूलाइ ६: सीमान्तकृत र गरिबहरूको आर्थिक उन्नतिको निम्ति।

जूलाइ ७: ग्रामीण क्षेत्रहरूमा सुसमाचार नपुगेका जातिहरूकहाँ पुग्न मिसनरीहरूका निम्ति सुरक्षा र सामर्थ्यको निम्ति।

जूलाइ ८: यो महिना हाम्रा सम्पूर्ण आवश्यकताको निम्ति परमेश्वरबाट जुटाइदिनुहुनको निम्ति।

जूलाइ ९: हरेक देशमा परमेश्वरको भय मान्ने नेतृत्वको निम्ति।

जूलाइ १०: हाम्रो सिनियर पास्टर रेभ. एस. साम सेल्भाराज र उहाँको परिवारको सुरक्षा र हीतको निम्ति।

जूलाइ ११: शैक्षिक सत्र २०२५-२०२६ को निम्ति हाम्रो आवासीय र साँझको **नहेम्याह बाइबल कलेजहरू र सेन्ट मेट्रिकुलेसन स्कुलमा** योग्य विद्यार्थीहरूले भर्ना पाउनको निम्ति।

जूलाइ १२: **नहेम्याह बाइबल कलेजमा** भएका नयाँ विद्यार्थीहरूका निम्ति परमेश्वरको अगुवाइ, जसका कक्षाहरू जून २, २०२५ मा सुरु हुनेछ।

जूलाइ १३: **बोलावटको प्रतिध्वनिका सेवकाइहरूका** निम्ति अझ धेरै समर्पित कामदारहरू आउन सकेका होऊन्।

जूलाइ १४: विश्वभरि भएका सम्पूर्ण आत्मिक अगुवाहरूका निम्ति बुद्धि र सामर्थ्यको निम्ति।

जूलाइ १५: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरू र उहाँका परिवारहरूमाथि परमेश्वरको कृपाको निम्ति।

जूलाइ १६: हाम्रा सम्पूर्ण सेवकाइका बैठकहरू र संस्थाका क्रियाकलापहरूमाथि परमेश्वरको निगाहको निम्ति।

जूलाइ १७: आतंकवाद र हिंसाबाट सबै देशहरूको सुरक्षाको निम्ति।

जूलाइ १८: हाम्रा कार्यालय र छापाखानाका कर्मचारीहरूका निम्ति सुस्वास्थ्य र सामर्थ्यको निम्ति।

*पृष्ठ ४ बाट*

हामी जतिसुकै टाढा गए पनि प्रेम र खुल्ला अंगालोको साथमा उहाँ हामीलाई पुनः स्वागत गर्न तयार हुनुहुन्छ।

## २. चाहना गर्ने पिता

लूका १५:२० मा हामीले पढ्छौं: **तर त्यो धैरै टाढा छँदा त्यसका बुबाले त्यसलाई देखे र तिनी दयाले भरिए र दौडेर गई त्यसलाई अँगालो हालेर त्यसलाई चुम्बन गरे** । यो हृदय छुने क्षणले पिताको हृदयलाई प्रकट गर्दछ, जसले हरेक दिन आफ्नो छोरा फर्कने आशामा रहेर पर्खिरहेको र चाहना गरिरहेका थिए।

त्यही तरिकामा हाम्रो स्वर्गीय पिताले हामी हरेकसँग सम्बन्ध पुनर्स्थापनाको निम्ति चाहना गर्नुहुन्छ। यही नै कुरा उहाँले आदम र हव्वासँग चाहना गर्नुभएको थियो- गहन, घनिष्ट सम्बन्ध- अनि त्यही कुरा उहाँले आज हामीसँग चाहना गर्नुहुन्छ- चाहना गर्नुहुन्छ र पर्खनुहुन्छ।

**तपनि तिनीहरूमाथि अनुग्रह गर्न परमप्रभु इच्छा गर्नुहुन्छ...** (यशैया ३०:१८) । आफ्नो कृपा, अनुग्रह र निगाह खन्याउन उहाँ पर्खनुहुन्छ- दृष्टान्तमा भएको पिताझैं।

जब हामी उहाँकहाँ फर्कन्छौं, उहाँले हामीलाई सोधपुछ गर्नुहुनेछैन नता हामीलाई शर्ममा पार्नुहुन्छ, उहाँले हामीलाई अँगाल्नुहुनेछ र आफ्नो भलाइले हामीलाई आशिष् दिनुहुनेछ। तपाईंले आफैंलाई परमेश्वरबाट टाढा भएको, उहाँको प्रेमको अयोग्य भएको वा फर्कन हिचकिचाहट महसुस गर्नुभएको छ भने- यो जान्नुहोस्: तपाईं केवल एक कदम पछाडि हुनुहुन्छ । उहाँले अहिले तपाईंलाई पर्खिरहनुभएको छ।

## ३. विरासत छोड्ने

योचाहिँ महत्वपूर्ण छ र प्रायः पितात्वको यो पक्षलाई बेवास्ता गरिन्छ । वृद्धावस्थाले महत्वपूर्ण सत्यता बोक्दछ, पिताजस्तै छोरा। पिताले आफ्ना अनुवांशिक तत्व मात्रै



***The children learn a great deal from his father***

हस्तान्तरण गर्दैनन्- तिनीहरूले दुवै जैविक र आत्मिक चरित्रहरू पनि हस्तान्तरण गर्नुहुन्छ। धैरै जवानहरूका निम्ति तिनीहरूका पिता तिनीहरूका पहिलो नायक हुन्। तिनीहरूले उहाँबाट ठूलो सम्झौता सिक्छन्- कसरी जिउने भनेर मात्रै होइन तर कसरी नजिउने भनेर पनि।

दुर्भाग्यवश, प्रायः नकारात्मक चरित्र सजिलै तल हस्तान्तरण हुन्छ। तापनि बुबाले अन्तसम्म रहने विरासत छोड्छ, चाहे तिनीहरूले त्यो विचार गरेका छन् वा छैनन्। आफ्ना छोराछोरीको आत्मिक जीवन निर्माण गर्न तिनीहरूले महत्वपूर्ण भूमिका खेल्छन्।

### *प्रस्थान १५:२ मा हामीले पढ्छौं:*

**परमप्रभु नै मेरा शक्ति र गीत हुनुहुन्छ र उहाँ मेरो मुक्ति हुनुभएको छ । उहाँ मेरा परमेश्वर हुनुहुन्छ, म उहाँको स्तुति गर्नेछु । मेरा पिता-पुर्खाका परमेश्वर, म उहाँको नाउँ उच्च पार्नेछु ।**

मेरा पिता-पुर्खाका परमेश्वर भन्ने वाक्यांशले प्रारम्भिक उमेरमा नै परमेश्वरमा विश्वास गर्न सिकेको कुरालाई प्रतिबिम्बित गर्दछ- पिताको प्रभावद्वारा।

### *व्यवस्था ३२:७ ले भन्दछ:*

**उहिले-उहिलेका दिनको स्मरण गर, युग-युगअघिका पुस्ताका बारेमा सोच । तिमीहरूका बुबालाई सोध र तिनले तिमीहरूलाई बताउनेछन्, तिमीहरूका बुढापाकालाई सोध र तिनीहरूले तिमीहरूलाई बताउनेछन् ।**

### *भजनसंग्रह ४४:१ ले थप्दछ:*

**हे परमेश्वर, हामीले आफ्नै कानले सुनेका छौं, हाम्रा पिता-पुर्खाहरूले हामीलाई भनेका छन्, तपाईंले प्राचीनकालमा उनीहरूका समयमा कस्ता-कस्ता काम गर्नुभयो ।**

### *र भजनसंग्रह ७८:३-४ ले घोषणा गर्दछ:*

**ती जुन कुराहरू हामीले सुनेका र जानेका छौं र जुन कुरा हाम्रा पिता-पुर्खाहरूले**

*....Contd. to page 9*

नहेम्याह साँझको बाइबल कलेज
योग्यताः दश कक्षा र सोभन्दा माथि
ECHO OF HIS CALL 1968-2018 GOLDEN JUBILEE REACHING NATIONS
चेपाउक र सन्थोसापुरम, Velachery चेन्नाइ
भर्नाको लागि छिटो गर्नुहोस्।
माध्यमः तामिल (Part Time)
ईश्वरशास्त्रमा डिप्लोमा
Hindi (Residential) (Sponsorship Available)
विगत ५५ वर्षदेखि अन्तरराष्ट्रिय खीष्टियान अगुवाहरु र सिनियर पास्टरहरुबाट पहिचान भएको
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

## MAIN CHURCH PROGRAMMES

1. Prayer Service : 24 hours
2. **ECHO OF HIS CALL** - Monthly Magazines :English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikan.
3. **BIBLECOR -** Basic Bible Courses (English, Tamil & Hindi)
4. Theological Correspondence Courses: English & Tamil
5. Nehemiah Bible Colleges (Chepauk, Santhoshapuram & Velachery)
6. Great Commission Partners (Network of Pastors)
7. Training Programmes – Seminars & Retreats
8. Crusades
9. Literature Distribution and Follow Up
10. Gospel Printing Press - Publications
11. St. Paul's Matriculation School - Village English High School
12. Sunday Schools (Chepauk) : 10.30 a.m. Sunday & (Velachery, Balaji Nagar & Santhoshapuram) 3.00 p.m. Sunday
13. **Early Morning Service : 5.30 a.m. Sunday**
14. **Preliminary Service : 8.00 a.m. Sunday**
15. **Tamil Service : 8.30 a.m. Sunday**
16. **Youth Meeting : 11.00 a.m. Sunday**
17. **Fellowship Lunch : 1.00 p.m. Sunday**
18. **Telugu Service : 4.00 p.m. Sunday**
19. **Hindi Service : 5.00 p.m. Sunday**
20. **Tamil & English Service : 6.00 p.m. Sunday**
21. Feedback Time : 7.30 p.m. Sunday
22. Women's Prayer : 5.30 p.m. Wednesday
23. Men's Prayer : 7.30 p.m. Friday
24. Discipleship Meeting : 6.00 p.m. Saturday
25. House Meetings : 6.30 p.m. Tuesday & Thursday
26. Special Holy Communion : 6.00 a.m. 1st day of each month
27. Ministers' Meeting : 6.00 p.m. First Saturday
28. Parents' Prayer : 4.00 p.m. First Sunday
29. Night Prayer : 9.30 p.m. Third Friday
30. Fasting Prayer : 9:30 a.m. Second Saturday
31. Holy Communion : Second Sunday Services
32. Youth / Kid Prayer : 10.00 p.m. daily (over phone)
33. Staff Devotion : 9.00 a.m. daily
34. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स भारतमा भएकाहरुलाई मात्र

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ ख्रीष्टियानहरू र गैहृख्रीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन।** यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र ख्रीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागिः**

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, Post Box 2957
CHEPAUK, CHENNAI - 600 005.
Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,
Cell : 98410 71852, 95661 31858
E.mail : biblecor@yahoo.co.in

## नि:शुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले नि:शुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्नु हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

**"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५) ।**

**परमप्रभुलाई धन्यवाद देओ, उहाँले हामीलाई दर्दशामा स्मरण गर्नुभयो: उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ (भजनसंग्रह १३६:१,२३) ।**

मेरो सेवकाइको जीवनको सुरुवातदेखि नै तुरुन्तै कुनै इनामको आशा नगरी परमेश्वरको महिमा गर्न र उहाँको राज्य बिस्तारको निम्ति कुनै पनि चुनौतीहरू लिन र कुनै पनि हदसम्म जाने मन परमेश्वरले मलाई दिनुभएको थियो । सन् १९७६ देखि १९८६ सम्म म आफ्नो सरकारी कार्यालयमा बिदाको निवेदन दिने बानी परेको थियो र आफ्नै पैसा खर्च गर्दै भारतका विभिन्न भागहरूमा साना क्रुसेडहरूका माध्यमबाट सुसमाचार प्रचार गर्दै र सुसमाचार यात्राको व्यवस्था गर्ने गर्थें ।

कम्तीमा पनि एक वा दुई महिना मेरा आत्मिक मित्रहरूलाई मसँग मिलेर विभिन्न स्थानहरूमा जान र सुसमाचार नपुगेका गाउँहरूमा पुग्न र येशू ख्रीष्टको सुसमाचारबाट हजारौं मानिसहरूको जीवन छुन परमप्रभुले मलाई सहायता गर्नुभयो। विभिन्न समयहरूमा मेरा सम्पूर्ण आर्थिक आवश्यकताहरूका निम्ति म परमेश्वरमाथि निर्भर हुन्थें किनकि मैले आफू र मेरा मित्रहरूका निम्ति रेलका टिकटहरू, बसका टिकटहरू, बस्ने र खाने कुराको व्यवस्था गर्नुपर्थ्यो । परमेश्वरले आश्चर्यजनक रूपमा मलाई सहायता गर्नुभयो ।

यो सेवकाइबाट परमेश्वरले मलाई चेन्गाल्पुट जिल्ला, भिल्लुपुरम जिल्ला, मदुराइ जिल्ला, ट्राइची जिल्ला र कन्याकुमारी जिल्ला, कोडाइकनाल, ओटाकामुण्ड, ट्रिभान्ड्रम, पीरमेड, इडुक्की, भान्दीपेरियार, विजयावाडा, बेङ्गलोर, माइसोरी, आदिमा भएका विभिन्न ग्रामीण क्षेत्रहरूमा भ्रमण गर्न सहायता गर्नुभयो। मेरा यात्राका दौरानमा बस र रेलहरूबाट एक स्थानबाट अर्को स्थानमा हाम्रा सांगीतिक औजारहरू र सुसमाचारका पर्चाहरू लैजान मैले विभिन्न प्रकारका शारीरिक कष्टहरूको अनुभव गरेको थिएँ । मेरो कमजोर आर्थिक अवस्थाको कारण मैले सेवकाइको निम्ति सवारी साधनको बारेमा सोच्न पनि सकेको थिइनँ। तर परमेश्वरले मेरो स्वभाव हेरिरहनुभएको र मेरा गवाहीरू सुनिरहनुभएको थियो । **परमेश्वर अन्यायी हुनुहुन्न र तिमीहरूका काम र उहाँको खातिर सन्तहरूका सेवामा तिमीहरूले देखाएको प्रेम उहाँले भुल्नुहुन्न । तिमीहरू अझै पनि त्यस्तै सेवा गरिराखेका छौ** (हिब्रू ६:१०) ।

पछि, परमेश्वरले मेरा सम्पूर्ण सहकर्मीहरूलाई आशिष् दिनुभएको र तिनीहरूलाई उच्च स्थानमा उचाल्नुभएको र आज पनि उहाँको दाखबारीमा शक्तिशाली रूपमा तिनीहरूलाई निरन्त प्रयोग गर्नुभएको मैले पाएँ। उहाँले मलाई आधुनिक सामानहरू, कारहरू, भ्यानहरू र जोशिला कर्मचारीहरूजस्ता सबै सुविधाहरूले आशिष् दिनुभयो र भारतमा नबचाइएका मानिसहरूका बीचमा सुसमाचार प्रचार गर्न अझ धेरै मलाई सुसज्जित पारिरहनुभएको छ । साथै, परमेश्वरले मलाई सम्मान गर्नुभयो, मलाई संसारका विभिन्न देशहरूमा लैजानुभयो र असल मित्रहरूका साथमा आशिष् दिनुभयो ।

सोही परमेश्वर अझै जीवित हुनुहुन्छ । उहाँले चाहना गर्ने व्यक्तिहरूको खोजी गरिरहनुभएको छ, जो उहाँको सेवा गर्न तुरुन्तै इनाम, उच्च पदहरू र भ्रष्ट उद्देश्यको आशा नगरी अगाडि आउन सक्छ । **आफ्नो अन्न पानीमा फालिदेऊ र धेरै दिनपछि तिमीले त्यो फेरि पाउनेछौ** ( उपदेशक ११:१) । उहाँ कसैप्रति पनि ऋणी हुनुहुन्न ।

व्यक्तिगत रूपमा, हामीले परमेश्वरको राज्यको निम्ति केही गर्ने चाहना गरेका छौं भने हामीले हावा र बादललाई विचार नगरी त्यो तुरुन्तै गर्नुपर्छ किनकि **बतासको विचार गर्नेले कहिल्यै छर्दैन, बादलमा नजर राख्नेले कहिल्यै कटनी गर्दैन** (उपदेशक ११:४) । संसार र संसारका मानिसहरू तपाईंसँग खडा हुनेछन् ।

हालका दिनमा हाम्रा मानिसहरूले आफ्नो स्वास्थ्य, पैसा र प्रतिभा परमेश्वरको राज्य बिस्तारको निम्ति लगानी गर्न चाहँदैनन्, त्यसको साटो तुरुन्तै आफैंलाई उचाल्ने र तुरुन्तै इनामको आशा राख्छन् । प्रिय मित्रहरू, येशू ख्रीष्टको सुसमाचारको कारण म वास्तवमै आशिषित भएको छु। उहाँले तपाईंलाई पनि वास्तवमै आशिष् दिन सक्नुहुन्छ। के तपाईं अहिले नै येशू ख्रीष्टको निम्ति केही गर्न अगाडि आउन सक्नुहुन्छ ? के तपाईंले आफ्नो क्रूस बोक्न सक्नुहुन्छ र उहाँलाई पछ्याउन सक्नुहुन्छ ?? **उहाँको महिमित सुसमाचार अघि बढाउन वास्तवमै रुचि भएका चाहना भएका व्यक्तिहरू परमेश्वरले खोजी गर्नुहुन्छ- कुनै पनि तरिकामा- कुनै पनि मूल्यमा** (१ कोरिन्थी ९:२२) ।

**जब तपाईंले यी वचन पढ्नुहुन्छ, तपाईंको निम्ति परमेश्वरले विशेष योजना राख्नुभएको छ भनेर तपाईंले जान्नुपर्छ । संसारको धन, स्वास्थ्य, सम्बन्ध र प्रसिद्धिले एक दिन तपाईंलाई धोका दिनेछ । तर *येशू ख्रीष्टले तपाईंलाई कहिल्यै अशान्त छोड्नुहुन्न* ( यूहन्ना १४:१८) । आजै निर्णय लिनुहोस् । ठूलो इनामले तपाईंलाई पर्खिरहनुभएको छ ।**

************

पृष्ठ ६ बाट

**हामीलाई भनेका छन् । हामी यी कुराहरू तिनीहरूका छोराछोरीहरूबाट लुकाएर राख्नेछैनौं तर आउने पुस्तालाई परमप्रभुका महिमामय कार्यहरू र उहाँको सामर्थ्य अनि उहाँले गर्नुभएका आश्चर्यपूर्ण कामहरूको वर्णन गर्नेछौं ।**

यी पदहरूले हामीलाई स्पष्ट पार्दछः छोराछोरीले आफ्ना बुबाबाट सिक्छन् र आत्मिक बुद्धि र परमेश्वरलाई मन पर्ने मूल्यमान्यता अर्को पुस्तामा हस्तानरण गर्नु हरेक पिताको जिम्मेवारी हो ।

दुर्भाग्यवश, हाम्रा छोराछोरीको जीवनमा भएका धेरै पापहरूको जरा अघिल्लो पुस्ताबाट हस्तान्तरण भएका पद्धतिमा रहेका छन् । तर हाम्रो निम्ति परमेश्वरको चाहना आशिष्का आत्मिक विरासत छोड्नु हो, श्रापको होइन ।

बाइबलले विशेष गरी इस्राएल र यहूदाका राजाहरूका बीचमा भएका धेरै उदाहरणहरू हामीलाई प्रदान गर्दछ, जहाँ छोराहरूले आफ्ना बुबाका परमेश्वरलाई मन नपर्ने मार्ग पछ्याएका र अर्थहीन जीवन जिएका थिए । २ राजा २१:२१ मा हामीले मनश्शेका छोरा अमोनको बारेमा पढ्छौंः

**तिनी आफ्ना पिताका सबै चालहरूमा हिँडे र तिनका पिताले पूजेका मूर्तिहरूको सामु घोप्टो परेर पूजा गरे ।**

कस्तो दुःखद कुरा ।

मनश्शे आफैं महान् राजा हिजकियाका छोरा थिए- निरन्तर परमप्रभुलाई प्रेम गर्ने मानिस । तापनि, मनश्शेलाई के भएको थियो ? उसलाई किन परमेश्वरप्रति सोही प्रकारको भक्तिमा हुर्काइएको थिएन । यस कुराले हरेक पिताको निम्ति महत्वपूर्ण प्रश्न खडा गर्छ । तपाईंले कस्तो विरासत छोडिरहनुभएको छ ?

२ राजा ११:९ मा हामीले पढ्छौं, **जब राजा सोलोमन वृद्ध भए, तिनका पत्नीहरूले तिनलई आफ्ना देवताहरूतिर लगे, त्यसैले तिनको हृदय परमप्रभु आफ्ना परमेश्वरप्रति पूर्णरूपमा समर्पित थिएन,**



***Solomon wives led him astray after other gods***

**जस्तो तिनको बुबा दाऊदको थियो ।** पवित्रशास्त्रभरि नै हामीले धेरै बुबाहरूसँग सामना गर्छौं, जो परमेश्वरलाई मन पर्ने विरासत छोड्न असफल भएका हुनाले आफ्ना छोराछोरी र आउन लागेका पुस्तामाथि विनाश ल्याएका छन् । त्यसको विपरीता आसा, यहोशापता र योशियाजस्ता राजाहरूले विश्वासको सहने विरासत स्थापना गर्दै आफ्ना पितापुर्खाका कदम निरन्तर पछ्याए । तिनीहरूका आज्ञाकारीताले तिनीहरूका आफ्नो परिवारलाई आशिषित मात्रै बनाएको थिएन तर छिमेकी देशहरूमा शान्ति पनि ल्याएको थियो- २ इतिहास १७:१० ले घोषणा गर्दछ, ...**यहूदाको वरिपरि भएका देशका राज्यहरूमाथि परमप्रभुको भय पऱ्यो र उनीहरूले यहोशापातको विरुद्धमा युद्ध गरेनन्...** । आफ्ना छोराछोरी



***The fear of the LORD fell upon all the kingdoms***

र आउन लागेका पुस्ताको निम्ति हामीले कस्तो प्रकारको विरासत छोड्नेछौं ?

परमेश्वरका सेवकहरू पनि यो खतरादेखि बचेका छैनन् । मोशा, एली, शमूएल र दाऊद- हरेक जना परमप्रभुका महान् सेवक थिए- बुबाको रूपमा आफ्नो भूमिकामा संघर्ष गरे । मोशाले यहोशूसँग मिलेझैं वा एलीयाले एलीशासँग मिलेझैं हामीले आत्मिक विरासत निर्माण गर्न अत्यन्तै उत्साहित हुन सक्छौं तर हाम्रा आफ्नै छोराछोरीलाई परमप्रभुको भय र ज्ञानमा हुर्काउन के हामी उत्तिकै समर्पित छौं ?

उडन्त पुत्रको कथालाई विचार गरौंः उसको विद्रोह र व्यर्थता भए पनि पिताको प्रेम गर्ने चाहना कहिल्यै कम भएन । स्वर्गीय पिताको यस उदाहरणले हामीलाई सम्झना दिलाउँछ कि पछिसम्म रहने विश्वासले भरिएको उत्तराधिकार छोड्दै प्रेमिलो, धैर्यवान अभिभावक बन्न परमेश्वरले हामीलाई बोलाउनुहुन्छ । परमप्रभुको अनुग्रह र भक्ति देखाउन परमप्रभुले हामीलाई सुसज्जित बनाउनुभएको होस् ताकि हाम्रा छोराछोरी र तिनीहरूका सन्तान उहाँको मार्गमा हिँडून् ।

************

**URGENT NEED for CHRISTIAN OFFICE**

**1. COMPUTER OPERATORS**

**2. PRINTING PRESS OPERATORS**

**Contact : (+91) 98412 71858, E.mail : sam@echoofhiscall.org**

**NOTICE**

Please store the Mobile Phone numbers (+91) 98410 71858, (+91) 98412 71858 of Pastor S. Sam Selva Raj on your mobile phones.

- Editor

Posted at "Egmore RMS Patrika Channel" RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## Echo of His Call

**YouTube**
*Please subscribe*

Kindly view and subscribe our **Echo of His Call YouTube Channel** when you get time. Thanks.

**- Editor**

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**
*****
**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

Annual Subscription : Rs. 100/- Life Subscription : Rs. 2000/-

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :
**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.org

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/24-26**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS Patrika Channel"**
**on 16th JUNE 2025.**
**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

**To**

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**